मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

जग्गा बिक्रीमा

जनकपुरधाम, मुजेलिया स्थित भाटभटेनीको सामुन्ने जनकपुर-ढल्केवर सडक (६ लेन) बाटोको पूर्वपट्टी रहेको जम्मा १ कट्ठा आकर्षक जग्गा बिक्रीमा रहेको सहर्ष जानकारी गराइन्छ । ईच्छुक महानुभावले तलको नम्बरमा सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.-9817880359

● वर्ष २ ● अंक १८२ ● २०८१ साल जेठ ०९ गते बुधबार ● Wednesday 22, May 2024 ● सूर्योदयः बिहान ५:१४ बजे ● सूर्यास्तः साँझ ६:५० बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## मुख्यमन्त्रीको गफ मात्रै पाएनन् अग्निपीडितले घर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरी र सप्तरीमा भएको आगलागी पीडितले महिना पुग्न लाग्दा पनि प्रदेश सरकारबाट कुनै राहत पाएका छैनन् । उसो त ३१ वैशाखमा सत्तारुढ गठबन्धनका साझेदार दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रले साथ छाडेपछि अल्पमतमा परेका मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव आफैँ सत्ता टिकाउने राहतको खोजीमा भौँतारिएका छन् । आफ्ना पार्टीका प्रदेश सभा सदस्य फुटेको पार्टी जनता समाजवादी पार्टीमा जालान् कि भनेर राम्रोसँग निदाउन पनि सकेका छैनन् ।

यस्तो अवस्थामा उनले कहाँ के बोले र जनतालाई के भने भन्ने पनि बिर्सेर पाँचौँपटक विश्वासको मत पाउन सकिन्छ कि भनेर राजनीतिक ढोगभेटमा समय फालिरहेका छन् । जबकि उनको सत्ता अब मधेशमा टिक्ने अवस्था देखिएको छैन । उनका कार्यकालमा भएका अनियमितता र बदमासी सिलसिलेवार ढंगले सञ्चारले ल्याउने भय मुख्यमन्त्रीमा देखिन थालेको छ । उनकै कारण मधेशमा जसपा नेपाल चरम बदनाम र कलंकित भएको भनेर पार्टी नेतृत्वमा पटकपटक रिपोर्टिङ भएकै छ । सप्तरीको महादेवा गाउँपालिका–१ चिम्टी बस्तीमा वैशाख १८ गते आगलागी भएको थियो । दिउँसो स्थानीय शत्रुधन यादवको गाईगोठमा राखेको परालको थुप्रोबाट सल्किएको आगो समयमा नियन्त्रण हुन नसक्दा चिम्टी बस्तीका एक सय १४ घर जलेका थिए । काठमाडौँमा रहेका मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव काठमाडौँट सिधै त्यहाँ पुगेर अग्निपीडितलाई घर बनाइदिने बताएका थिए । तर एक महिना पुग्न केही दिन मात्र बाँकी रहँदा मुख्यमन्त्रीले बोलेअनुसार चिम्टीका अग्निपीडितले कुनै राहत पाउन सकेनन् । उनीहरुलाई घर बनाइदिने कार्यको शुरुसम्म हुन सकेको छैन । मुख्यमन्त्री आउँदा अग्निपीडित बस्तीमा गम्छा र खादा ओढेर कुनै उत्सवमा पुगेजसरी फोटो सेसन त भयो, मुख्यमन्त्री फर्केपछि बस्तीमा राहतको सिन्को पुगेको छैन । अहिले चरम तापक्रम वृद्धिमा उनीहरु आहत भएर बसेका छन् ।

उसो त यसअघि आगलागी भएको कञ्चनरुप–५ पडेमारामा पनि अग्निपीडित १६ घरपरिवारका लागि एकीकृत बस्ती बनाउन मुख्यमन्त्रीकै पार्टीले आह्वान गरेको थियो । त्यहाँसमेत कुनै काम भएको छैन । पार्टीकै मागअनुसार पनि मुख्यमन्त्रीले काम गर्न सकेका छैनन् । आफ्ना पार्टी अध्यक्षको गृहजिल्लामा समेत मुख्यमन्त्री यादवले न आफूले बोलेको पूरा गरेका छन्, न पार्टी तहको मागमा गम्भीरता देखाएका छन् । फेरि पनि उनकै सत्ता जोगाइदिन मधेशमा जनता समाजवादी पार्टी नेपाल फुटको सिकारदेखि चरम बदनाम भइरहेको छ । मुख्यमन्त्री यादवलाई अग्निपीडितलाई राहत दिन कुनै कठिनाइ छैन, अर्थमन्त्री देशमै सबैभन्दा बढी बदनाम भएका मधेश प्रदेशकै छन् । अर्थमन्त्री सञ्जय यादव मुख्यमन्त्री यादवकै पार्टीकै छन् । तैपनि मुख्यमन्त्री जनतालाई राहत दिने विषयमा गम्भीर नहुँदा पार्टीले मुख देखाउन नसक्ने अवस्था बनिरहेको छ । यस्तै, वैशाख

बाँकी पृष्ठ ३ मा

## अस्थिरताको कारक बन्दैनौँः नेपाल




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले आफ्नो पार्टी अस्थिरताको कारक बन्न नचाहेका कारण प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिएको बताएका छन् । समाजवादी प्रेस संगठनले गरेको पत्रकार सम्मेलनमा अध्यक्ष नेपालले आफ्नो पार्टी जनताको चाहनाअनुसार शासन चल्न चाहेको बताउँदै अहिले मुलुकमा राजनितिक अस्थिरता होस् भन्ने देखिएकाले पार्टी सरकारमा रहेर जनताको चाहना पूरा गर्न लागेको बताए । नेपालले शान्ति, समृद्धि, सुशासन तथा स्थिरताका लागि वर्तमान प्रधानमन्त्रीलाई विश्वासको मत दिइएको बताए । उनले वर्तमान सत्ता गठबन्धनमा सहभागी भएका कारण नैतिक आधारमा समेत सरकारलाई साथ र समर्थन दिइएको बताए । उनले मुलुकमा निर्माण भएको घटनाक्रम सुखद नभएको बताए । अध्यक्ष नेपालले सत्ता सहकार्यलाई अघि बढाउने कुरामा सबै सत्ताघटक सदस्यमा विश्वास, सहयोग र समझदारी बनाएर अघि बढ्ने आफूहरुको काम हुने बताए । उनले संसदको गतिरोध हटाउने कुरामा वार्ता र संवादको माध्यमबाट अघि बढ्नुपर्ने बताए ।

अध्यक्ष नेपालले भने, 'संसदमा जुन किसिमका घटना भइरहेका छन्, ती घटना वास्तवमा सुखद् छैनन्, त्यसैले वार्ता र संवाद गर्ने कुरामा पनि समाधान खोजिनुपर्छ । अरु स्वार्थमा त्यसलाई मोड्ने काम गर्नु हुँदैन ।' उनले निजी हितमा सोच्न नहुने र विगतमा एक किसिमको अवस्था रहेकामा अहिले परिवर्तन भएकाले विभिन्न पार्टीका नेतासँग एक ढंगले संवाद कायम गरिएको बताए । अहिले अर्को ढंगले जानुपर्ने हो कि भन्ने अवस्था पनि बनेको बताउँदै नेता नेपालले यी सबै कुराका सन्दर्भमा कुनै पनि पार्टी फुटोस् भन्ने पक्षमा नरहेको बताए ।

अध्यक्ष नेपालले कुनै पनि पार्टी नफुटुन् भन्ने आफूहरुको चाहना रहेको बताए । समाजवादी मोर्चामा सहभागी जसपा नेपाल विभाजन भएपछि समाजवादी मोर्चाको भविष्यमा समेत प्रश्न खडा भएको बताउँदै अहिले नेत्र विक्रम चन्द विप्लव मोर्चाको अध्यक्ष भएकाले यसलाई जोगाउने दायित्वसमेत उहाँमा नै आएको जिकिर गरे । एक प्रश्नको जवाफमा पूर्वप्रधानमन्त्री नेपालले पछिल्लो राजनीतिक परिवर्तनका कारण मधेश प्रदेश सरकारमा परिवर्तन हुनु स्वाभाविक भएको बताउँदै आफ्नो पार्टी सरकारमा सहभागी हुने विषय परिस्थितिले निर्माण गर्ने बताए । उनले आज हामी वर्तमान सरकारमा सहभागी छौँ, भोलिको अवस्था कस्तो बन्ला, त्यो समयमा हेरौँला तर आफूहरु जनताको चाहना पूरा होस भन्नेमा रहेको बताए । जनताको चाहना राजनीतिक स्थायित्वबाट नै पूरा

बाँकी पृष्ठ ३ मा

## मनिषा मृत्यु प्रकरणमा प्रहरीले जाहेरी लिएन



**मधेशदृष्टि**
**वीरगंज ।**
गत शनिबार आफ्नै कोठामा झुन्डिएको अवस्थामा मृत भेटिएकी मनिषा देवीको घटना अनुसन्धानमा प्रहरीले चासो नदिएको पीडित परिवारले गुनासो गरेका छन् । वीरगंज उपमहानगरपालिका वडा नम्बर १२ मुर्लीमा विवाह गरेको ६ महिना नबित्दै केटा पक्षले आफ्नो छोरीको दाइजोको लोभमा हत्या गरेको पीडित पक्षको आरोप छ । धोबिनी गाउँपालिका वडा नम्बर ३ हरिहरपुर घर भएकी मनिषाको २०८० मंसिर ९ गते मुर्लीका रवि साह कानुसँग विवाह भएको थियो । विवाह भएदेखि नै केटा पक्षले दाइजोमा सुनको सिक्री, ब्रासलेट, मोटरसाइकल, फ्रिज र वासिङ मेसिन नपाएको भन्दै मनिषालाई दुःख दिने गरेको मनिषाकी आमा कलावती देवीले बताइन् ।

उनले भनिन्, 'विवाहपछि नै केटाका आमा सीमा देवी, बुवा बद्री साह कानु र मामा दुर्गा साह कानुले दाइजोमा धेरै सामान नदिएको भन्दै छोरीलाई दुःख दिने गरेका थिए ।' छोरीले फोन गरेर सासुले दाइजोमा सामान नपाएको भन्दै गालीगलौज गर्ने गरेको कलावतीको भनाइ छ । उनले भनिन्, 'हामीले दाइजोमा एकमुष्ट ८ लाख रुपैयाँ दिएका थियौँ, अनि सामान कहाँबाट दिने, बिहेमा सबै गरेर करिब १४ लाख रुपैयाँ खर्च भएको छ । बिहे भएको ६ महिना पनि भएको छैन, छोरीको हत्या गरे, अनि आफैँ 'फासी झुली' भनिरहेका छन् ।'

घटना छानबिन गर्न र दोषीलाई कारबाही माग गर्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी गर्न पुगे पनि प्रहरीले किटानी जाहेरी लिन नमानेको मनिषाका बुबा नरेश साह कानुको गुनासो छ । उनले भने, 'तीन दिनदेखि प्रहरी कार्यालय धाइरहेको छु, प्रहरीले जाहेरी लिन मानेको छैन, आज (मंगलबार) जाहेरी दरखास्त हुलाकमार्फत पठाएको छु ।'

यता, जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता डिएसपी कुमारविक्रम थापाले जाहेरी लिएको बताए । 'घटनाको जाहेरी लिएका छौँ, शवको पोष्टमार्टन रिपोर्ट नआउँदासम्म किटानी जाहेरी लिन मिल्दैन । रिपोर्ट आएपछि हत्या गरिएको हो कि आत्महत्या हो यो यकिन हुन्छ ।' घटनाको करिब २० दिन पहिले केटा पक्षले छोरीलाई गालीगलौज गरी घरबाट निकालेको मनिषका बुबा नरेश साह बताउँछन् । उनले भने, 'केटा पक्षले पिटेर घरनिकाला गरेपछि छोरी आफ्नो नातेदारको घरमा गएर बसेकी

बाँकी पृष्ठ ३ मा

## सिरोहिया पक्राउ, धनुषा ल्याइयो



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहिया पक्राउ परेका छन् । उनलाई काठमाडौँ, थापाथलीस्थित कान्तिपुरबाट पक्राउ गरेर धनुषा पठाइएको छ ।

यसअघि जिल्ला अदालत धनुषाले पक्राउ अनुमति दिएको हो । जिल्ला प्रहरी कार्यालय धनुषाले उनलाई नागरिकता मुद्दामा पक्राउ गरी अनुसन्धान गर्न अनुमति मागेपछि अदालतले आदेश दिएको हो । अदालत स्रोतले उनीमाथि दोहरो नागरिकता लिएको विषयमा किटानी जाहेरी परेपछि प्रहरीले त्यसको अनुसन्धान गरिरहेको छ । सिरोहियाले कीर्ते गरेर नागरिकता लिएको भन्दै जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दर्ता भएको छ । उनले विभिन्न स्थानमा प्रयोग गरेको नागरिकता नम्बर फरक रहेको र उनको नागरिकतामा उल्लेख नम्बरमा जिल्ला प्रशासन कार्यालय धनुषाबाट अर्कै व्यक्तिको नाममा समेत नागरिकता जारी भएको दाबी जाहेरीमा छ ।

जाहेरीमा सिरोहिया गैरनेपाली नागरिक रहेको र उनले नक्कली नागरिकताको प्रयोग गरिरहेको दाबी गरिएको छ । जाहेरीसँगै संलग्न कागजपत्रमा सिरोहियाको २०१९ जन्ममिति राखेर २०३३–३४ मा धनुषाबाट जारी भएको नागरिकताको नम्बर र २०३६ भदौ २० मा जनकपुर उपमहानगरपालिका–२ ठेगानाबाट शिवजी साहु तेलीको नाममा जारी भएको नागरिकता नम्बर एकै छ ।

प्रहरीले पक्राउ पुर्जी जारी नगर्दै सिरोहिया सर्वोच्च अदालत गएका थिए । सिरोहियाविरुद्ध सर्लाहीका इन्द्रजीतप्रसाद महतोले नागरिकता छानबिन माग गर्दै जाहेरी दिएका छन् । जिल्ला न्यायाधीश चित्रबहादुर गुरुङको इजलासले पक्राउ पुर्जी जारी गर्ने अनुमति दिएको जिल्ला अदालतका एक अधिकारीले जानकारी दिए । जिल्ला अदालत धनुषाका श्रेस्तेदार कैलाश दाहालले यो गोप्य राख्नुपर्ने विषय भएकाले औपचारिक रूपमा भन्न नमिल्ने

बाँकी पृष्ठ ३ मा

## गृहमन्त्री र मेयरविरुद्ध कांग्रेसको प्रदर्शन र ज्ञापन



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसले पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुषाललाई ज्ञापनपत्र बुझाउँदै लोकतान्त्रिक पद्धतिमा सार्वजनिक पद धारण गरेका व्यक्तिउपर सार्वभौम जनताले सुक्ष्म रुपमा नियालिरहेको हुने र हरेक गतिविधिको प्रशंसा तथा विरोध हुने भएकाले समाजप्रति जवाफदेही हुनै पर्ने दोहो¥याएको छ ।

कांग्रेस पर्सा सभापति जनार्दन सिंह क्षेत्रीको नेतृत्वमा मंगलबार निस्केको जुलुशले नगर परिक्रमा गर्दै भुषाललाई ज्ञापन पत्र बुझाएको हो । वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहविरुद्ध सरकारी कागज कीर्ते मुद्दा तथा कीर्ते नागरिकता मुद्दामा निष्पक्ष छानबिन गर्ने प्रकृयामा ढिलाई भएको र सहकारी ठगीमा संलग्न रवि लामिछानेमाथि संसदीय छानबिन समिति गठन गर्न नेपाल विद्यार्थी संघ

बाँकी पृष्ठ ३ मा

*खुसी त्यही व्यक्तिलाई प्राप्त हुन्छ, जो अरुको खुसी देख्न चाहन्छ ।*
*– अज्ञात*

## सम्पादकीय

## देखावटी सम्पत्ति विवरण

*संघीय सरकारका प्रधानमन्त्रीसहित मन्त्रीहरुको सम्पत्ति विवरण मंगलबार सार्वजनिक गरिएको छ । प्रधानमन्त्रीसहित २३ जना मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक भएपछि सार्वजनिक वृतमा विभिन्न टिकाटिप्पणी शुरु भएको छ । सरकारमा रहेका प्रधानमन्त्रीदेखि मन्त्रीसम्मको सम्पत्ति विवरण सार्वजनिक हुनु स्वाभाविक र नियमित प्रक्रिया हो । यद्यपि विगतका कतिपय सरकारका पालामा भने प्रधानमन्त्रीदेखि मन्त्रीसम्मको सम्पत्ति विवरण सार्वजनिक नभएका थुप्रै घटनाहरु पनि ताजै छन् । विगतमा मन्त्री भएकाहरुले आफू मन्त्री बनेपछि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउने गरेको भए पनि सार्वजनिक भने विरलै भएको पाइन्छ । अहिलेको अवस्थामा सार्वजनिक पद धारणा गरेका व्यक्तिको सम्पत्ति विवरण सार्वजनिक गर्नु अनिवार्य र कानुन सम्मत कुरा हो । तर, सरकारमा सहभागी मन्त्रीहरुले आफ्नो एकिन सम्पत्ति विवरण सार्वजनिक गर्छन् त भन्ने आशंका उब्जिरहन्छ ।*

*पछिल्लो पटक सार्वजनिक वर्तमान सरकारका प्रधानमन्त्री र मन्त्रीहरुको सम्पत्ति विवरणलाई स्वभाविक रुपमा लिन मुश्किल छ । सार्वजनिक भएको सम्पत्ति विवरण अनुसार प्रधानमन्त्री पुष्पकमल दाहालको सम्पति चितवनको भरतपुरमा १५ कठ्ठा जग्गा, ५ तोला सुन र २५ लाख नगद रुपैयाँ मात्रै रहेको देखाइएको छ । जसअनुसार चितवनको भरतपुर महानगरपालिका १४ मा पार्किङसहित १४ कठ्ठा जग्गा पैत्रिक सम्पत्ति रहेको उल्लेख छ । सम्पत्ति विवरणअनुसार प्रधानमन्त्रीको नाममा कुनै पनि पशु धन, ऋण र सवारीसाधन रहेको उल्लेख छैन । यसैगरी उनले कुनै शेयर कारोबार गरेको विवरणमा देखिदैन । त्यस्तै, शिक्षामन्त्री सुमना श्रेष्ठको सम्पत्ति विवरणमा काभ्रेमा ८ रोपनी ६ आना जग्गा रहेको छ भने ११ तोला सुन रहेको देखिएको छ । उक्त सुनमध्ये १० तोला उपहार र बिहेको बेला आएको र बाँकी एक तोला हजुरआमाको शेषपछि पाएको उल्लेख गरिएको छ । उनको नाममा एनआईसी एसियामा १ करोड १५ लाख छ भने एभरेस्ट बैंकमा ३७ लाख पारिश्रमिकको रूपमा जम्मा भएको सम्पत्ति विवरणमा सार्वजनिक गरिएको छ ।*

*मन्त्रिपरिषदमा सबैभन्दा धनी मन्त्रीका रुपमा रघुवीर महासेठ देखिएका छन् । उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठ नाममा जनकपुरमा १ विगाह १५ कट्ठा जग्गा रहेको छ भने २ करोड २५ लाख बैंकमा पैसा रहेको उल्लेख छ । मन्त्री महासेठसँग ४३ तोला सुन र १.५ केजी चाँदी रहेको छ । श्रीमती जुलिकुमारीको नाममा फाइनान्स, लघुवित्त, बैंक गरी २ करोड ५० लाख नगद र ५ लाख सेयर रहेको उल्लेख गरेका छन् । श्रीमतीको नाममा विभिन्न कम्पनीको ३ करोड ५५ लाखको सेयर रहको छ । सम्पत्ति विवरण अनुसार सबैभन्दा गरिब उपप्रधान तथा परराष्ट्रमन्त्री नारायकाजी श्रेष्ठको गोरखा सिरानचोक ८ मा करिब ३८ रोपनी पैतृक सम्पत्ति रहेको छ । उनको राष्ट्रिय वाणिज्य बैंकको खातामा तलब सुविधाको १ लाख २२ हजार ११८ रूपैयाँ मौज्दात छ । सरकारमा सहभागी मन्त्रीहरुले सम्पत्ति विवरण सार्वजनिक गरेर पारदर्शीता देखाउन खोज्नु सकरात्मक पाटो हो । तर, एकिन सम्पत्ति सार्वजनिक भए आलोचना र प्रश्नको सामान गर्नुपर्ने भयबाट मन्त्रीहरु भाग्नु हुँदैन । जनप्रतिनिधि जनताप्रति नै सधै जवाफदेही र पारदर्शी बन्नुपर्छ भन्ने कुरालाई पनि भुल्नु हुँदैन ।*

### ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

### ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# भगवान् बुद्ध र असित मुनिको भविष्यवाणी



सञ्जय साह मित्र

भगवान् बुद्धको जन्म एक विशेष घटना थियो। धार्मिक, सामाजिक तथा ऐतिहासिक दृष्टिकोणले पनि विचार गर्ने हो भने सिद्धार्थ गौतमले जीवनमा गरेका प्रगतिहरुले आज पनि विश्व लाभान्वित भइरहेको देखिन्छ। यसैले विश्वले नै सिद्धार्थ गौतमलाई भगवान् बुद्ध, महात्मा बुद्ध, एसियाका तारा तथा धर्मका संस्थापक र शान्तिका अग्रदूत आदि विभिन्न उपमासहित चिन्ने गर्दछ । जातीय प्रतिष्ठा तथा मानव मानवबिच भेदभाव अत्यन्त चरममा रहेको अवस्थामा बुद्धले जातीय दृष्टिकोणले साम्यवादको व्यवहार लागू गरेका हुन्। जतिखेर राज्य र धनप्रति आसक्ति उत्कर्षमा थियो, त्यत्तिखेर सिद्धार्थ गौतमले यी सबैलाई त्याग गरेर तपस्याका लागि निस्केका हुन्। सिद्धार्थ गौतम निकै सहनशील थिए, अन्तर्मुखी थिए । गम्भीर चिन्तक एवम् विचारकका रुपमा सिद्धार्थ गौतमले आफ्नो युगमा ज्ञान र विचारसम्बन्धी अनेक खोज गरेका थिए। वैचारिक क्रान्तिका नायक गौतम बुद्धको बारेमा सबैभन्दा पहिले भविष्यवाणी गर्ने व्यक्ति असित मुनि थिए।

हिमालयमा तपस्या गर्ने असित मुनि भविष्यद्रष्टा थिए । उनी देवीदेवताका कुरा पनि बुझ्दथे र सम्वाद पनि गर्दथे। एक दिन तपस्या गरिरहेको समयमा आकाशमा देवीदेवताहरु निकै खुसी भएको देखे। खुसीको लक्षण पढे र कारण खोतल्न खोजे। शास्त्रहरुमा, देवताहरुमा, यस्तो खुसी विश्वलाई कल्याण गर्ने मानिसको जन्म भएको बेलामा मात्र हुने उनले देखे। अनि यस्तो बालकको जन्म कहाँ भएको होला भनी अनुमान लगाउन चाहे। उनी दिव्यदृष्टि प्राप्त भइसकेका सिद्ध मुनि थिए। दिव्यदृष्टिले बालकको खोजी गरे। राजा शुद्धोदनको घरमा बालकको जन्म भएको देखे। जुन बालकको दर्शन गरेर देवताहरु रमाइरहेका थिए, सोही बालकको दर्शन गर्न उनी पनि लालायित भए। वार्धक्यले छपक्कै छोपिसकेको थियो तर पनि दर्शन गर्न उनी हिंडे।

सिद्धार्थ गौतमको जन्मपछि पिता शुद्धोदन निकै खुसी थिए । लुम्बिनीको बनमा जन्म भएको कारण कतिपयले वनमा रमाउने व्यक्तिको अनुमान गरेका थिए। जब असित मुनि कपिलवस्तु आइपुगे तब निकै हर्षको माहोल थियो। दरबारमा त उत्सवको माहोल थियो। राजा सुद्धोदन निकै खुसी थिए। उनले धेरैलाई दान दिइरहेका थिए। उनी खुसियाली मनाउने मानिसहरु, आफन्तहरुको बिचमा थिए। त्यसैबेला खबर पुग्यो कि एक जना सन्न्यासी भेटको इच्छा लिएर आएका छन्। दरबारमा ल्याउने आदेश भयो। राजा यत्ति खुसी थिए कि बालक सिद्धार्थसहित आए। असिन मुनिले परैबाट मनमनै नमन गरे। अनि नजिक आएपछि राजाले शिष्टाचार निर्वाह गरी आसन ग्रहणका लागि भने। सामान्य कुशल क्षेम भयो। त्यसपछि राजाले सन्न्यासीलाई प्रश्न गरे – मैले कतै पहिला यहाँलाई देखेको मलाई सम्झना छैन, यहाँको कुनै इच्छा थियो कि ?

सन्न्यासी असित मुनि बूढो भइसकेका थिए। उनले केही बोल्नुअगावै राजाले आफ्नो खुसी नलुकाइ भने – मेरो यो छोराको भविष्यको बारेमा केही बताइदिनुहुन्छ कि ? म चाहन्छु मेरो छोरो भविष्यमा चक्रवर्ती सम्राट बनोस्।

राजाको कुरो सकिएपछि असित मुनिले जबाफ दिए – म हिमालयमा तपस्या गर्छु। आफ्नो तपोवलले देखें कि एक दिब्य बालकको जन्म भएको छ। राजन, यही बालकको दर्शन गर्न आएको छु।

यत्ति भनेर सन्न्यासी असित मुनिले बालकको दुईटै खुट्टालाई आफ्नो निधारमा छुवाए। निधारमा राखेर आँखा बन्द गरी कुनै स्तुति गरे। हात जोडेर विन्ती गरे। एकपटक हाथ जोडेर नै प्रदक्षिणा गरे। अनि सम्मुख उभिएर राजालाई सम्बोधन गर्दै असित मुनिले भने – यो बालकको निधार हेर्दा यो भन्न सकिन्छ कि यसका अगाडि दुई बाटा छन्। एक, चक्रवर्ती सम्राट बन्ने र यदि गृहस्थ जीवन परित्याग गरेमा महान् योगी बन्ने छ। महान् योगी बन्दा विश्वलाई नयाँ बाटो दिने छन्।

यत्ति भनेर सन्न्यासी चुप लागे। राजाको अनुहारको रङ उडिसकेको थियो। एक छिन रोकिएर असित मुनि अलिकति हाँसे अनि रुन थाले। एक पटक त डाँको छोडेर नै रोए। अचम्भित हुँदै राजा शुद्धोदनले विस्मित भावमा सन्न्यासी असित मुनिलाई डराएरै सोधे – किन के भयो महात्मा ? किन कहिले हाँस्ने र कहिले रुने गर्नुभएको ?

महात्माले पहिले हाँस्ने कारण बताउँदै भने – यिनी महान् त्यागी धर्मात्मा बन्ने छन्। देवताहरु पनि यिनको जन्मप्रति अत्यन्त हर्षित छन्। एक आपसमा खुसी साटासाट गरिरहेका छन्। यस्तो महान् व्यक्तिको जन्मको केही समय पछि मैले दर्शन गर्ने अवसर पाएँ। भगवान्को दर्शन गर्न पाएको जस्तो अनुभव भइरहेको छ। यसले गर्दा म खुसी छु। यसैले मलाई हाँसो उठिरहेको छ तर जब मेरो मनमा भयो कि अब म बूढो भइसकें। जब यी बालक ठुलो भएर दुनियाँलाई परिवर्तन गर्ने मार्गको बारेमा बताउने छन्, त्यत्ति बेला म हुने छैन। यस कुराले मलाई दुःखी बनायो र म रुन थालें। अनि केही बेरपछि पुनः बालकप्रति अत्यन्त श्रद्धाको दृष्टिले हेर्दै प्रणाम गरेर निस्के।

कपिलवस्तु नगरमै असित मुनिका भान्जा बस्तथे। उनलाई गएर सबै कुरा बताउँदै सिद्धार्थ गौतम जब सिद्ध पुरुष बन्छन् तब तिनको पहिलो शिष्य बन्न अह्राए। भनिन्छ, असित मुनिका भान्जाले, सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नुअघि नै अर्थात् गौतम बुद्ध बन्नु अघि नै, सिद्धार्थ गौतमलाई भगवान् घोषणा गरिसकेका थिए र तिनको पूजा आफू जहाँ थिए, त्यहीँ गर्न सुरु गरिसकेका थिए।

उन्तीस वर्षको उमेर सिद्धार्थ गौतमले गृहत्याग गरी सन्न्यास धारण गरेका थिए। छ देखि सात वर्षसम्म कठोर तपस्या गरे। विभिन्न ठाउँमा घुम्दै सिद्धार्थ गौतम विभिन्न गुरुहरुबाट शिक्षा ग्रहण गरेका थिए। सिद्धार्थको शिक्षाको मूलमा एउटा यो कुरा देखिन्छ कि उनी जहाँ वा जुन आश्रममा शिक्षाका लागि जान्थे, त्यहाँको सम्पूर्ण शिक्षा प्राप्त गरेपछि उनलाई त्यहीँ बसेर शिक्षा दिनको लागि प्रायः भनिन्थ्यो तर सिद्धार्थलाई चाहिएको शिक्षा त्यहाँ पुगेको हुँदैनथ्यो। सिद्धार्थलाई शिक्षा दिनेहरुले मुक्तिको मार्ग सिकाउँथे तर सिद्धार्थ गौतम आफ्नो मुक्तिको लागि मात्र आफू सन्न्यासी बनेको होइन। सबैको लागि मुक्तिको मार्ग पहिल्याउन चाहन्थे। आफ्नो मुक्तिको कुरामा उनी स्वार्थ बुझ्दथे। समाज र समग्र मानव समाजको मुक्तिको कुरा उनी गर्न चाहन्थे। यसैको खोजीमा उनी निस्केको बताउने गरेका थिए। कुनै पनि गुरुको आश्रममा रहेर उनलाई कतै पनि सन्तुष्टि प्राप्त नभएपछि उनी गयामा एक्लै तपस्या गर्न थालेका हुन्। एक्लै तपस्या गरिरहँदा उनलाई बुद्धत्व प्राप्त भएको हो। बुद्धत्व प्राप्त भएपछि उनी सबैभन्दा पहिलो उपदेश आफ्ना पुराना पाँच मित्रहरुलाई काशी निकट रहेको सारनाथमा दिएका हुन्। त्यसपछि बुद्धले आजीवन उपदेश दिने काम गरे। उनको उपदेशले नै धर्मको आकार ग्रहण ग¥यो। जीवन नै धर्ममय बन्न पुग्यो। उनलाई सबैले भगवान् भन्न थाले। बुद्धलाई धर्मावतार पनि भन्ने गरिन्छ। बुद्धले दिएको बाटोलाई आज विश्वमा बौद्ध धर्म भनिएको छ। बौद्ध धर्म मान्नेहरुको संख्या विश्वमा अरबौँमा रहेको छ। यसरी सिद्धार्थ गौतम भगवान बुद्ध बन्न पुगेका हुन्। यसबाट यो पनि सिद्ध हुन आउँछ कि सिद्धार्थ गौतमबाट गौतम बुद्ध बनेका महान् पुरुषलाई दुनियाँका अरबौं मानिसले भगवान् बुद्ध मान्ने गरेका छन्।

लुम्बिनीको बनमा जन्मेका सिद्धार्थ गौतमलाई कपिलवस्तुमा हिमालयका एक सन्न्यासी असित मुनिले जुन किसिमको भविष्यवाणी गरे, सोही किसिमको व्यक्तित्व सिद्धार्थ गौतमको कालान्तरमा निर्माण हुन पुगेको देखिन्छ। उन्तीस वर्षको उमेरमा गृहत्याग गर्नु चानचुने कुरो होइन। भर्खर जन्मेको छोरा राहुल तथा पत्नी यशोधरालाई त्याग गरेर एक्ले बनमा निस्केका सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेपछि लुम्बिनी नआएका होइनन् तर आउँदा उनमा एक सन्न्यासीमा हुनुपर्ने सम्पूर्ण गुण थियो। कुनै लोभ, मोह, आकर्षण वा अनुराग थिएन। अरुसित जस्तो व्यवहार गर्दथे, त्यसै व्यवहार माता, पिता, पुत्र तथा पत्नीसित गरे। यसबाट सिद्धार्थ गौतम महान् त्यागी भएको साबित हुन्छ भने असित मुनिले गरेको भविष्यवाणी झै उनी भगवान् पनि बनेका छन्।

# ज्ञानमणि नेपालः इतिहास लेखन विधाका अग्रज व्यक्तित्व



प्राडा तीर्थप्रसाद मिश्र

विक्रम संवत् २०८१ जेठ १ गते मध्याह्नमा नेपालको इतिहासका एक सशक्त लेखक जसले इतिहासलाई कथ्यमा होइन तथ्यबाट नै लेखनमा आफ्नो जीवन अर्पण गर्नुभएको थियो। उहाँ हुनुहुन्थ्यो, साहित्यका अविश्रान्त सर्जक, निष्ठाका सगरमाथा, स्वाभिमानी, निर्भिक, मानवताका सरल पात्र ज्ञानमणि नेपाल । यस्ता बहुआयामिक प्रतिभाको अवसानले इतिहास लेखन विधामा अपुरणीय क्षति भएको छ। तथापि उहाँ नेपाली ◌ इतिहासका अध्यता एवं अनुसन्धानकर्ताका मार्गदर्शन बनेर रहिरहनु हुनेछ। यस अर्थमा उहाँको भौतिक शरीर हामीमाझ नभए पनि जीवन्त स्मृति हामी सबैको मानसपटलबाट कहिल्यै हराउने छैन । अतः उहाँका अजरामर कृतिहरूको स्मरण गर्दै उहाँप्रति श्रद्धाञ्जलि व्यक्त गर्नु यो आलेखको उद्देश्य रहेको छ।

विसं १९८९ माघ १७ गते वसन्त पञ्चमीका दिन पूर्व ४ नम्बर भोजपुरमा ज्ञानमणि नेपालजीको जन्म भएको थियो। वसन्त पञ्चमीका दिन जन्मिएका यी बालक कालन्तरमा सरस्वतीका साधकका रूपमा स्थापित हुनु गजबकै संयोग मान्नुपर्छ। उहाँ घरमा नै प्रारम्भिक शिक्षा लिई २००४ सालमा अध्ययनको सिलसिलामा काठमाडौँ आइपुग्नुभएको थियो र उहाँले पण्डित नयराज पन्तले स्थापना गर्नुभएको गुरुकुल रोज्नुभएको थियो। यद्यपि त्यसबेला अरू नै नाम चलेका पाठशाला वा स्कुलमा अध्ययन गर्नेको बाहुल्य रहेको थियो। तर, उहाँको यसै रोजाइले नामको ज्ञानमणिलाई वास्तवमै ज्ञानका मणि बनायो। उहाँको नाम सार्थक हुन गयो।

त्यतिबेला पं नयराजको गुरुकुलमा कडा अनुशासन थियो। शिक्षार्थीले दैनिक १० घण्टा अध्ययनमा बिताउनु पर्थ्यो। खाने र थोरै सुत्नेबाहेक गुरुकुलमा पढाइ नै पढाइ थियो। जुन कुरा उहाँकै मेरो गुरुकुलीय शिक्षा र सहपाठी ग्रन्थमा उल्लेख छ। पण्डित नयराज पन्तको गुरुकुल त्यस्तो विद्यालय थियो जहाँबाट कुनै औपचारिक शैक्षिक उपाधि प्राप्त नगरे पनि शिक्षार्थी अब्बल विद्वान हुन्थे। विसं २००४ देखि २०१२ सम्म आठ वर्षको अध्ययनबाट ज्ञानमणिजीलाई आजीवन स्वाध्यायी अनुसन्धानकर्ता र नेपालको इतिहासका विविध विषयमा अनुसन्धान गर्न ऊर्जा प्राप्त भयो।

विसं २०१२ सालमा संशोधन मण्डलबाट बाहिर आई जन्मथलो पुग्नुभयो र गुरुकुल स्थापना गरी पठनपाठनमा संलग्न हुनुभयो, तर तत्कालीन राजनीतिले गर्दा उक्त विद्यालय लामो समयसम्म टिक्न सकेन। घर व्यवहारमा पनि ध्यान दिनुपर्ने र अध्ययनलाई पनि निरन्तरता दिनुपर्ने अवस्थामा उहाँ अनुसन्धानको उपयुक्त वातावरण खोज्दै पुनः काठमाडौँ आउनुभयो। र, यहीँ उहाँले अन्तिम श्वास फेर्नुभयो। काठमाडौँ आएपछि त्रिभुवन विश्वविद्यालयको नेपाल र एसियाली अनुसन्धान केन्द्र तथा कालान्तरमा प्रज्ञा–प्रतिष्ठानमा संलग्न नेपालजीको रामकहानी उहाँकै कृतिमा उल्लेख छ।

प्रारम्भिककालमा नेपालको इतिहास लेखन विधामा विदेशी लेखकहरूकै बाहुल्य रहँदै आएको देखिन्छ। विसं २००७ पछि भने नेपाली विद्वान्हरूले पनि नेपालको इतिहासका विविध पक्षमा कलम चलाउन थालेका हुन्। सूर्यविक्रम ज्ञवाली, बाबुराम आचार्य, पं नयराज पन्त, डिल्लीरमण रेग्मी, बालचन्द्र शर्मा आदिले नेपालको इतिहासकार विविध पक्षमा विभिन्न कृतिहरू प्रकाशन गर्नुभयो। नेपालको प्रामाणिक इतिहास प्रकाशमा ल्याउन स्वदेशी ऐतिहासिक स्रोतहरूको अन्वेषण गरी सोही आधारमा इतिहास लेख्ने र पूर्वप्रकाशित कृतिमा देखिएका त्रुटिलाई संशोधन गर्ने समेत उद्देश्य राखेर गुरु पण्डित नयराज पन्तद्वारा २००९ सालमा संशोधन मण्डल स्थापना भएको थियो। यिनै महामानव पन्त गुरुद्वारा दीक्षित हुनुभएका मूर्धन्य व्यक्तिहरूमध्ये एक हुनुहुन्थ्यो, ज्ञानमणि नेपाल।

धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्त जस्ता विशिष्ट इतिहास एवम् संस्कृतिविद्हरू सोही संस्थाका उपज हुनुहुन्छ। सहपाठीहरूसित मिलेर नेपालले कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या (भाग १ र २), इतिहास संशोधन (भाग १ देखि ५), ऐतिहासिक पत्रसङ्ग्रह र जयरत्नाकर नाटक जस्ता कृतिहरू प्रकाशित गर्नुभएको थियो। यी सबै ग्रन्थहरू अनुसन्धानमूलक र विश्लेषणात्मक छन्। यी कृतिमा सङ्ग्रह गरिएका सामग्रीहरू नेपालको इतिहासको अध्ययन, अनुसन्धान र अध्यापनका लागि आधिकारिक स्रोत सामग्री हुन पुगेका छन्।

संशोधन मण्डलबाट बिदा भएर घरव्यवहार यताउता गर्दै २०२७ सालमा काठमाडौँ आई केही अनुसन्धानत्मक संस्थासँग जोडिई विभिन्न अनुसन्धान परियोजनाहरू सञ्चालन गर्नुभएको थियो। महिरावण वध नाटक विवेचनात्मक अध्ययन त्रिभुवन विश्वविद्यालयको नेपाल र एसियाली अनुसन्धान केन्द्रबाट प्रकाशित भएको थियो। नेपाल–चीन–तिब्बत सम्बन्ध विषयक अनुसन्धान कार्य पनि सोही अनुसन्धान केन्द्रबाट सम्पन्न गर्नुभएको थियो। नेपालको परराष्ट्र मन्त्रालय अभिलेखालय (जैसी कोठा) मा रहेका सामग्री अध्ययन र टिपोट गर्ने अवसर पाउने थोरै विद्वान्हरूमा उहाँ पनि एक हुनुहुन्थ्यो। उक्त सामग्री केही समयका लागि मात्र अध्ययन अनुसन्धानका लागि खुल्ला गरिएको थियो। २०४६ सालको परिवर्तनपछि ती अमूल्य ऐतिहासिक दस्तावेज केकस्तो अवस्था छन् आधिकारिक सूचना उपलब्ध छैन। तिनै सामग्री उपयोग गरी लेखिएका अनुसन्धनात्मक कृतिहरू हुन्, नेपाल–भोट–चीन सम्बन्धका केही सांस्कृतिक पक्ष तथा नेपाल र चीन तिब्बत सम्बन्ध। नेपाल–भोट–चीन सम्बन्धमा नेपालमा उपलब्ध अभिलेखालयका स्रोतहरू अत्यधिक उपयोग गर्ने अग्रणी अनुसन्धानकर्ता ज्ञानमणि नेपाल नै हुनुहुन्थ्यो।

नेपालका विविध पक्षको इतिहास समेटिएको नेपाल निरुक्त उहाँको अर्को अनुसन्धानात्मक तथा विश्लेषणात्मक ग्रन्थ हो। पृथ्वीनारायण शाहको अवसानपछि जङ्गबहादुर कुँवर राणाको उदयसम्मको षड्यन्त्रकारी राजनीतिको इतिहास हो, नेपालको महाभारत। नेपालमा षड्यन्त्रकारी राजनीति देखापर्नाका कारणहरू र यसबाट परेका अल्पकालीन र दीर्घकालीन असरहरूको वस्तुनिष्ठ मूल्याङ्कन यस ग्रन्थमा गरिएको छ। नेपाल सुखीम सम्बन्ध उहाँको अर्को महत्वपूर्ण ग्रन्थ हो। नेपाल र सिक्किमको सम्बन्धको ऐतिहासिकता, दुवैको सम्बन्धमा आएका गतिरोध, सङ्घर्ष र सम्झौताका प्रसङ्ग यस कृतिका प्रमुख विशेषता हुन्। यी त भए इतिहासकार ज्ञानमणि नेपालका उल्लेखनीय केही प्रकाशनहरू। यसका अतिरिक्त नेपालका ख्यातिप्राप्त पत्रपत्रिका तथा जर्नलहरूमा उहाँका सयभन्दा बढी अनुसन्धानात्मक लेखहरू प्रकाशित भएका देखिन्छन्। यहाँ त केवल उहाँलाई स्मरण गर्ने सन्दर्भमा उहाँका केही कृतिहरूको समेत स्मरण गर्न खोजिएको हो।

नेपालको इतिहासलेखन विधामा ज्ञानमणि नेपालको आफ्नै विशिष्ट पहिचान छ। उहाँद्वारा लिखित प्रायः सबै प्रकाशनहरू प्राथमिक स्रोतमा आधारित छन् । उहाँले स्वदेशमा रहेका पुरातात्विक, साहित्यिक एवम् सरकारी कागजपत्रहरूको उपयोग यथेष्ट मात्रामा गर्नुभएको छ। यसैगरी पूर्वमध्यकालको इतिहास, मेरो गुरुकुलीय शिक्षा र सहपाठी, नेपालको माध्यमिक कालको इतिहास, अतीतका स्मृति र अनुभूति जस्ता इतिहासका अनुसन्धानमुलक ग्रन्थ प्रकाशन गरी नेपालको इतिहासको क्षितिज फराकिलो बनाउनुभयो। इतिहास र साहित्यमा कलम चलाउनु हुने ज्ञानमणिजीका पुराना कविता, वनका फूल, संगीतलहरी, किष्किन्धा काण्ड तथा पुण्य शिक्षा जस्ता साहित्यिक कृति पनि पाठकहरूले उपहार पाएका छन्। उहाँले प्रज्ञा प्रतिष्ठानको प्राज्ञ हुँदा पनि इतिहास र साहित्यको उन्नयनका लागि सार्थक प्रयास गर्नुभएको थियो।

यी कृति तथा उहाँका लेखहरूमा पूर्वप्रकाशित ग्रन्थहरूमा देखिएका कमीकमजोरीलाई इङ्गित गर्दै सत्यतथ्य घटना उजागर गर्ने प्रयास भएको छ। यो सराहनीय कार्य मानिन्छ। कतिपय ऐतिहासिक प्रसङ्गमा उहाँले नवीनतम् अवधारणा समेत प्रस्तुत गर्नुभएको छ। आवश्यकताभन्दा बढी वर्णनात्मक हुनु, पूर्वप्रकाशित ग्रन्थलाई यथोचित स्थान नदिनु, विदेशी विद्वान्हरूद्वारा लेखिएका ग्रन्थलाई खासै ध्यान नदिनु तथा इतिहास लेखन विधाका स्थापित मान्यतालाई पूर्णतः अङ्गीकार नगर्नु जस्ता केही सीमा उहाँको लेखनमा रहने चर्चा यदाकदा गर्ने गरिन्छ। तर, ती सबै सामान्य प्रकृतिका सीमा हुन्। सीमा कसमा हुँदैन र कुन कृतिमा रहँदैन ? यस्ता सीमाले उहाँको उज्जवल योगदानमा ओझेल पार्ने छैनन्। भन्नैपर्छ, नेपालको इतिहास लेखन विधाका एक सशक्त हस्ताक्षर हुनुहुन्थ्यो, ज्ञानमणि नेपाल। उहाँ भविष्यका इतिहासकारका लागि मार्गदर्शक र प्रेरणाका स्रोत रहनुभएको तथ्यलाई पनि स्वीकार गर्नै पर्दछ।

नेपालको इतिहास लेखन विधा प्रारम्भिक र चरणमा भएकामा उहाँले इतिहासलेखन विधालाई नयाँ आयाम दिनुभएको थियो। उहाँले नेपालको इतिहासका कतिपय अप्रकाशित तथ्य उजागर गरी कैयौँ ऐतिहासिक दस्तावेजसमेत प्रकाशन गर्नुभयो। उहाँले लेख्नुभएका कृति र लेखहरू अनुसन्धानकर्ताका लागि असल खुराक बन्न पुगेका छन्। नेपाल भोट चीनको सम्बन्धको कूटनैतिक इतिहास लेखनका क्रममा यस पंक्तिकारले पनि उल्लेख्य सहयोग र सल्लाह पाएको थियो। उहाँको सङ्ग्रहमा अझै पनि असङ्ख्य ऐतिहासिक सामग्री एवं प्रकाशोन्मुख कृति होलान्। तिनको समुचित व्यवस्थापन र प्रकाशनमा हामी सबैले ध्यान दिएमा नै उहाँप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ। नेपालको इतिहासमा ज्ञानमणि नेपाल सदैव स्थापित भई भविष्यका इतिहासकारहरूका लागि मार्गदर्शक भइरहनु हुनेछ। नेपालको इतिहास लेखन विधाका सारथि ज्ञानमणिजीप्रति श्रद्धासुमन व्यक्त गर्दछु। अस्तु ! रासस

# आगलागीबाट १२ लाख बराबरको क्षति



**मधेशदृष्टि**
**रौतहट ।**

रौतहटको उत्तरभिग चन्द्रपुर नगरपालिका वडा नम्बर ६ बेल्डीस्थित एक घरगोठमा आगलागी हुँदा लाखौंको धनमाल जलेर नष्ट भएको छ । सोमबार राति स्थानिय गुन्ज बहादुर थापाको घरगोठमा भएको आगलागीबाट घरगोठ तथा भित्र रहेको अन्न लत्ताकपडा पूर्ण रुपमा जलेर नष्ट भएको हो ।
प्रहरीका अनुसार विद्युत सर्टभइ आगलागी भएको थियो । आगलागीबाट करिब १२ लाख रुपैयाँ बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरका प्रमुख डिएसपी गौरव महतले बताए । चन्द्रपुर नगरपालिकाबाट गएको दमकल, प्रहरी र गाउँले मिलेर आगलागी नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

# अस्थिरताको कारक बन्दैनौँ...

हुने भएकाले आफूहरु मुलुकमा राजनीतिक स्थायित्व आओस भन्ने पक्षमा रहेको बताए । उनले सरकारमा सहभागी दलहरुबीच राम्रो विश्वासको वातावरण बनोस भन्ने पार्टीको चाहना रहेको बताउँदै यसका लागि प्रधानमन्त्रीले भूमिका खेल्नुपर्ने जिकिर गरे । उनले केन्द्रमा आफूहरू एमालेसहितको गठबन्धन सरकारमा भए पनि नेकपा एमालेसँग नेकपा एसको पार्टी एकीकरणको कुनै सम्भावना नभएको बरु नेकपा एस महाधिवेशनको तयारीमा जुटेको बताए । नेपालले धेरै कुरा बोलेर बिग्रिएकाले आफूले धेरै बोल्न नचाहेको बताए । नेपालले केही नेताले जथाभावी बोलेकै कारण देश यस्तो अवस्थामा आइपुगेको भन्दै अब आफू बोलेर होइन गरेर जाने सोचमा रहेको बताए ।

# सिरोहिया पक्राउ, धनुषा...

बताए । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक रञ्जन अवाले सिरोहियाविरुद्ध किटानी जाहेरि परेको मुद्दा अनुसन्धानमा रहेको बताए । उनले आवश्यक प्रमाण संकलन कार्यहरु भइरहेको जानकारी दिए । यता सिरोहियाले आफ्नो नागरिकता सही भएको दाबी गर्दै व्यक्तिगत प्रतिशोधले आफूविरुद्ध झुटो आरोप लगाएको उल्लेख गरेका थिए । सर्वोच्च अदालतले सिरोहियाको नागरिकता छानबिन गर्नुको कारण देखाउन गृह मन्त्रालय र प्रहरीका नाममा आदेशसमेत गरेको थियो । आफूमाथि गृह प्रशासनले बदनियतसाथ छानबिन गर्न लागेको उनको आरोप थियो । सिरोहिया पक्राउ प्रकरणमा नेपाली कांग्रेस, नेकपा एस, विभिन्न पत्रकारका संगठनले विरोध जनाएका छन् ।

# मुख्यमन्त्रीको गफ मात्रै पाएनन्...

१२ गते महोत्तरीको मटिहानी–६ स्थित मुस्लिम बस्तीमा आगलागी हुँदा एक सय ५० परिवार अग्निपीडित बने । त्यहाँ पनि घटनाको ७२ घण्टापछि पुगेका मुख्यमन्त्रीले पहिले नै बाराको सिमरामा भएको कार्यक्रममा उनीहरुलाई घर बनाइदिने भनेका थिए । तर त्यहाँ पुग्दा उनको बोली फेरियो । सरकारले सकेको मदत गर्ने भनेर फर्किए । त्यसपछि मधेश सरकारबाट निर्णय गराउने भनेर पन्छिए । अहिलेसम्म उनीहरुले पनि प्रदेश सरकारका मन्त्रीहरुको अनुहार देख्न पाए, अरु कुनै राहत अनुभूत गर्न पाएनन् । प्रत्येक परिवारलाई १० हजार रुपैयाँ दिने भनिए पनि सरकारका साझेदार फेरिएपछि यो कामले मूर्तता नपाउँदा मुख्यमन्त्रीप्रति मधेशका अग्निपीडित चरम निरास बनेका छन् ।

# मनिषा मृत्यु प्रकरणमा प्रहरीले...

थिइन्, पछि जानकारी आएपछि यसबारेमा दुवै पक्षबीच छलफल भएको थियो । पछि यस्तो गल्ती नहुने भनेपछि छोरी ससुरालमा बसिरहेकी थिइन्, अहिले अनायक छोरीको हत्या गरे ।' बहिनी मनिषालाई ससुराल पक्षले थप दाइजो ल्याउन दबाब दिइरहेको दाइ अजय साह कानु बताउँछन् । उनले भने, 'बहिनीले फोनमा दाइजो नल्याएको भन्दै केटा पक्षले दुःख दिइरहेका थिए । ८ लाख नगद 'बिल्टिकट' दिने सहमति थियो, त्यति दिऔँ, अब कति दिने । दाइजोको लोभमा मेरो बहिनीको हत्या गरेका छन् उनीहरुले ।' उनले भने, 'उनीहरुले 'सुसाइड गरेको हो भन्छन्, तर, यो फोटो हेर्नुस्, कसले भन्छ यो 'सुसाइड' हो । पंखामा सलले बाधेर लाश पलङमा छ । दुवै खुट्टा पलङको अगाडि फर्केको छ । पुलिस आउनुभन्दा पहिले नै झुन्डिएको कोठाको ढोका खुलेको छ ।' घटनाबारे जानकारी पाउनेबित्तिकै घरमा पुगेका वीरगंज–१२ का वडाध्यक्ष सुरेश प्रसाद गुप्ताले घटनाको निष्पक्ष छानबिन हुनु पर्ने बताए । उनले भने, 'छानबिन गर्ने काम प्रहरीको हो, उसले आफ्नो काम गर्छ । रिपोर्ट नआएसम्म कसैलाई दोष दिन मिल्दैन ।' वडाध्यक्ष गुप्ताले भने, 'घटनाको खबर आएपछि म त्यहाँ पुगेको थिएँ । घटना भएको कोठा खुलै थियो । प्रहरीलाई फोन गरेर बोलाएँ । यसबारेमा प्रहरीले अनुसन्धान गर्छ ।' मनिषाको सुनियोजितरुपमा हत्या गरिएको परिवारको दाबी छ । घटनाको निष्पक्ष छानबिन गर्न र न्याय गर्न पीडित परिवारको माग छ ।

# गृहमन्त्री र मेयरविरुद्ध कांग्रेसको...

पर्साद्वारा जेठ ४ गते शुक्रबार साँझ शान्तिपूर्ण प्रदर्शन गर्ने क्रममा माईस्थान चोकमा नगर प्रमुखद्वारा परिचालित केही अराजक व्यक्तिको समूहले कार्यक्रममा अवरोध गर्नुको साथै सांघातिक आक्रमण गरेको घटनालाईसमेत गम्भीर रुपमा लिइएको कांग्रेसले जनाएको छ ।
आक्रमणमा नेविसंघ पर्साका अध्यक्ष रमेशकुमार यादव, उपाध्यक्ष राहुल पटेल, महम्मद बरकत अली, महम्मद नौसाद र नेपाली कांग्रेस पर्साका जिल्ला सदस्य रामनिवास यादव घाइते भएको घटनाप्रति कांग्रेस पर्साले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।
लोकतान्त्रिक व्यवस्थामा आफ्नो विचार राख्ने र शान्तिपूर्ण रुपमा विरोध गर्न पाउने संवैधानिक व्यवस्था रहेकाले अरुको संवैधानिक मौलिक हक हनन गर्ने नियतले अराजक समूह परिचालन गरी अवरोध गर्ने तथा आक्रमण गर्ने कार्यको कांग्रेस पर्साले घोर भर्त्सना गर्दै घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानून बमोजिम आवश्यक कारबाही गर्न मागसमेत गरेको छ ।
ज्ञापनपत्र बुझाउने टोलीमा नेपाली कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, वीरगंज महानगपालिकाका उपप्रमुख एवम् कांग्रेस पर्साका कोषाध्यक्ष इम्तियाज आलम, पूर्व प्रदेश मन्त्री ओम प्रकाश शर्मा, क्षेत्र नम्बर २ का सभापति मोहम्मद सहाबुद्दिनलगायतको सहभागिता थियो ।

# सशस्त्र र एसएसबीद्वारा दशगजा सरसफाइ

**सञ्जय मिश्रा**
**रौतहट ।**



रौतहटको सीमावर्ती ईशनाथ नगरपालिका स्थित नेपाल भारत सीमा दशगजामा सशस्त्र प्रहरी, नेपाल प्रहरी र भारतीय सीमासुरक्षा बल एसएसबीले संयुक्त रुपमा सरसफाई गरेका छन् । 'सिमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रम अन्तर्गत सशस्त्र प्रहरी ११ नम्बर हेड्का रौतहटको आयोजनामा सशस्त्र प्रहरी, नेपाल प्रहरी, दुवै देशका जनप्रतिनिधि, भारतीय सीमासुरक्षा बल एसएसबीसहितको टोलीले संयुक्त रुपमा दशगजा सरसफाईसँगै अन्तरक्रिया कार्यक्रम गरेको हो ।
सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट औरैयासहित सशस्त्रका ४५ जना, नेपाल प्रहरीका ३ जना, एसएसबीका १४ जना र स्थानीय गरी झन्डै एक सय पचास जनाको टोलीले मंगलवार हातहातमा झाडु लिएर ईशनाथ १ बनजरहा दशगजा क्षेत्रमा झण्डै आठ सय मीटर सरसफाई गरेको सशस्त्रका एसपी विक्रम हुमागाईले बताए ।
सरसफाई पछि ईशनाथ नगरपालिकाकी मेयर कौशल्या देवीको प्रमुख आतिथ्य तथा दुवै देशका जनप्रतिनिधि सुरक्षा अधिकारीको सहभागिमा भएको अन्तरक्रिया कार्यक्रममा वर्षात तथा मनसुनको समयमा हुनसक्ने बाढी डुबानबाट उत्पन्न हुने जोखिम, त्यसको समाधानको उपाय, विपदको समयमा फैलन सक्ने विभिन्न रोग तथा सुरक्षात्मक उपायको बारेमा छलफल भएको सशस्त्र प्रहरीले जनाएको छ ।
बैठकमा मेयर कौशल्या देवीका साथै सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी बिक्रम हुमागाईं, भारत बिहार घोडासहन ब्लक अन्तर्गत ग्रामपञ्चायत बलुवाका मुखिया महम्द फारुक आलम, सीमासुरक्षा बल एसएसबीका अधिकारीसँगै दुवै देशका जनप्रतिनिधि तथा स्थानीय भद्रभलादमी गरी दुईसय भन्दा बढी मानिसको सहभागिता रहेको सशस्त्र प्रहरी रौतहटले जनाएको छ । रौतहटमा सशस्त्र प्रहरी प्रमुख एसपी विक्रम हुमागाईंको नेतृत्वमा विगतदेखि नै विभिन्न सामाजिक तथा रचनात्मक कार्यक्रम गर्दै हुँदै आएको छ ।

# वीरगंज महानगरद्वारा ४० करोड राजस्व सङ्कलन




**वीरगंज ।**

वीरगंज महानगरपालिकाले चालु आर्थिक वर्षको १० महिनामा ३९ करोड ८० लाख ३४ हजार एक सय १९ रुपैयाँ रकम राजस्व सङ्कलन गरेको छ । महानगरले गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा तीन करोड १८ लाख ९८ हजार २९ रुपैयाँ रकम बढी सङ्कलन गरेको हो । महानगरले गत आवको १० महिनामा ३६ करोड ६१ लाख ३६ हजार ९० रुपैयाँ करराजस्व सङ्कलन गरेको थियो । वीरगंज महानगरपालिका राजस्व महाशाखा प्रमुख मनोज कर्णले चालु आवको बजेट पुस्मा संशोधन गर्दै ७० करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य भए तापनि हालसम्म ४० करोड रुपैयाँको हाराहारीमा मात्रै राजस्व सङ्कलन भएको जानकारी दिए । 'आर्थिक मन्दीका कारण वीरगञ्ज व्यापार घटेको छ, यसको राजस्व सङ्कलनमा प्रत्यक्ष असर परेको छ' उनले भने ।
महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई चालु आर्थिक वर्षमा मालपोत कर ५० करोड रुपैयाँ रकम सङ्कलन गर्ने लक्ष्य गरेकामा त्यो प्राप्त गर्न कठिन हुने बताए । 'यो वर्ष घरजग्गा कारोबारमा ठूलो मन्दी आएकाले १३ करोड ९३ लाख ६२ हजार रुपैयाँ मात्रै सम्पत्ति कर(मालपोत) कर उठेको छ,' उनले भने, 'आन्तरिक राजस्व अपेक्षाकृत रुपमा सङ्कलन नहुँदा स्रोत जुटाउन दबाव बढेको छ ।' महानगरले २४ शीर्षकमा आन्तरिक राजस्व वापत आम्दानी गर्दै आइरहेको छ । महानगरले यस वर्ष घरबहाल कर बापत चार करोड १६ लाख ७५ हजार रुपैयाँ आम्दानी गरेको छ भने पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर बापत भने दुई करोड सात लाख ९२ हजार रुपैयाँ सङ्कलन गरेको छ । महानगरले बहाल करतर्फ तीन करोड२६ लाख४४ हजार रुपैयाँ तथा अन्य सेवा शुल्कबापत दुई करोड ४१ लख ४३ हजार रुपैयाँ, नक्सापास दस्तुर दुई करोड ९२ लाख ४ हजार रुपैयाँ उठाएको छ । गत आवमा ५७ करोड एक लाख ७३ हजार दुई सय एक रुपैयाँ राजस्व सङ्कलन भएको थियो । रासस

# स्वास्थ्य संस्थालाई ५७ प्रकारका औषधी प्रदान

**मधेशदृष्टी**
**रौतहट ।**

गरुडा नगरपालिकाका मेयर कन्यमणि जैसवालले नगरभित्र रहेका स्वास्थ्य चौकीहरुमा विभिन्न प्रकारका औषधीहरु प्रदान गरेका छन् । मेयर जैसवालले मंगलबार गरुडा वडा १ देखि ९ नम्बर वडासम्मको स्वास्थ्य चौकीका प्रमुख तथा वडाध्यक्षको रोहवरमा ५७ प्रकारको औषधी प्रदान गरेका हुन् । स्वास्थ्य चौकीमा औषधी अभावको कारण आम सर्वसाधारण नगरवासीमा समस्या भइरहेको कुरालाई मध्यनजर गर्दै औषधी वितरण गरिएको मेयर जैसवालले जानकारी दिए ।
यसैबीच आरम्भ नेपाल संस्थाद्वारा किशोर किशोरीको प्रजनन् स्वास्थ्य सम्बन्धी स्थानीय तहसँग एआर एचको कार्ययोजना निर्माणको लागि दुई दिनको कार्यशाला गोष्ठी मेयर जैसवालले प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

# महिला सशक्तिकरणमा मेयर साहको जोड

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साहले समृद्ध नेपाल बनाउनका लागि महिलालाई सशक्तिकरणमा जोड दिएका छन् ।
नेपाल सरकारको समन्वय युरोपियन युनियन र संयुक्त राष्ट्र सङ्घीय चारवटा संस्थाको आर्थिक सहयोगमा लाइफ नेपाल र एनएफसिसीले जनकपुरधाममा आयोजना गरेको कार्यक्रममा मेयर साहले महिला सशक्तिकरणको विषयमा यस्तो कुरामा जोड दिएका हुन् । सशक्त महिला, समृद्ध नेपाल पालिका स्तरीय अभिमुखीकरण कार्यक्रममा बोल्दै उनले समाज परिवर्तनका लागि महिलाको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुने बताए । महिला र बालबालिकाको सशक्तिकरणका लागि जनकपुरधाम उपमहानगरपालिका सदैव तयार रहेको उनको भनाइ थियो । त्यसका लागि पालिका स्तरबाट पनि कार्यक्रम सञ्चालन गरिएको उनले जानकारी दिए । साथै कार्यक्रममा मेयर साहले नेपालमा फोहर व्यवस्थापन चुनौती बन्दै गएको समयमा महिला सशक्त भएमा फोहर व्यवस्थापनमा उनीहरुको भूमिका महत्वपूर्ण हुने उल्लेख समेत गरे ।

# वीरगंज भन्सारबाट एक खर्ब बढी राजस्व संकलन

**मधेशदृष्टि**
**वीरगंज ।**

मुलुकको प्रमुख भन्सार नाका वीरगंज भन्सार कार्यलय आईसिपीले चालु आर्थिक वर्षको दश महिनामा एक खर्ब २७ अर्ब ४६ करोड ३१ लाख २२ हजार रुपैयाँ राजस्व असुली गरेको छ । अर्थमन्त्रालय भन्सार विभागले चालु आर्थिकको साउनदेखि बैशाख मसान्त सम्मका लागि आईसिपी भन्सारलाई २ खर्ब २ अर्ब ९० करोड ७३ लाख ३२ हजार राजस्व उठाउने लक्ष्य तोकेको भए पनि माल सामानको आयातमा यस आर्थिक वर्षमा समेत गिरावट आएसँगै चालु आर्थिक वर्षको १० महिनामा लक्ष्य अनुसारको राजस्व असुली प्रभावित भएको आईसिपी भन्सारका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए । आईसिपी भन्सार वीरगंजले तोकिएको लक्ष्य भन्दा झण्डै ३७ प्रतिशत कम राजस्व असुली गरेको छ । अर्थमन्त्रालयले तोकेको लक्ष्य भन्दा १० महिनामा ७५ अर्ब ४४ करोड ३२ लाख १० हजार रुपैयाँ कम राजस्व असुली भएको वीरगंज भन्सार कार्यालयले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । यसैगरी वीरगंज भन्सार कार्यालयले भन्सार राजस्व तर्फ ४७ अर्ब २३ करोड ७२ लाख ५६ हजार रुपैयाँ राजस्व असुली गरेको छ भने मूल्य अभिबृद्धि कर तर्फ ५४ अर्ब २६ करोड ५८ लाख २२ हजार रुपैयाँ राजस्व असुली भएको छ । त्यसैगरी अन्त शुल्क तर्फ ८ अर्ब ५२ करोड ८ लाख ३२ हजार रुपैयाँ राजस्व भन्सार अधिकृत राजेन्द्र ढुंगानाले बताए । त्यसैगरी वीरगंज भन्सार कार्यालयले पूर्वाधार कर तर्फ ११ अर्ब ३४ करोड ६५ लाख ४४ हजार रुपैयाँ राजस्व उठाएको छ भने कृषि सुधार शुल्क तर्फ १ अर्ब २० करोड २२ लाख १२ हजार रुपैयाँ असुली गरेको छ । यसैगरी वीरगंज भन्सार कार्यालयले सडक मर्मत तथा सुधार दस्तुर तर्फ २ अर्ब ९२ करोड २० लाख ९४ हजार रुपैयाँ राजस्व असुली गरेको छ भने सडक निर्माण तथा सम्भार दस्तुरमा १ अर्ब ६८ करोड ४७ लाख ८७ हजार रुपैयाँ राजस्व असुल गरेको वीरगंज भन्सार कार्यालयको तथ्यांकमा उल्लेख छ ।

# दुई लाख ५१ हजार परिवारले स्वास्थ्य बीमा गराए

**जनकपुरधाम ।**

मधेश प्रदेशमा हालसम्म दुई लाख ५१ हजार एक सय ७२ परिवारले स्वास्थ्य बीमा गराएका छन् । मधेश प्रदेश स्वास्थ्य बीमा बोर्डको कार्यालयका अनुसार मधेस प्रदेशमा पछिल्लो केही समयदेखि क्रमिकरुपमा स्वास्थ्य बीमा गराउनेको संख्या बढ्दै गएको छ ।
सरकारी अस्पतालमा उपचार गराउँदा १० प्रतिशत तथा निजी अस्पतालमा उपचार गराउँदा २० प्रतिशत खर्च बिरामीले व्यहोर्नुपर्ने तथा बाँकी रकम बीमा बोर्डले व्यहोर्ने प्रावधान लागू भएपछि स्वास्थ्य बीमा गराउनेको संख्या बढेको सो बोर्डका मधेश प्रदेश संयोजक मनोज पौडेलले बताए ।
उनका अनुसार सबैभन्दा बढी सिरहा जिल्लामा एक लाख २२ हजार दुई सय ७१, सर्लाही जिल्लामा ४० हजार छ सय ६८, सप्तरी जिल्लामा १४ हजार २०, धनुषा जिल्लामा ५४ हजार नौ सय ६७, महोत्तरी जिल्लामा ४९ हजार दुईसय ५७, रौतहट जिल्लामा ८३ हजार ६ सय २२, बारा जिल्लामा ६८ हजार दुई सय ३८ तथा पर्सा जिल्लामा ९१ हजार ६ सय २४ परिवारले स्वास्थ्य बीमा गरेको जनाएको छ ।
स्वास्थ्य बीमामा सहभागी हुन पाँचजना सदस्य भएको परिवारले वार्षिक तीन हजार पाँच सय प्रिमियम रकम तिर्नुपर्छ भने पाँचजनाभन्दा बढी सदस्य बराबरको सात सयका दरले वार्षिक प्रिमियम बुझाउनुपर्नेछ । बीमित परिवारमा सदस्य बिरामी हुँदा एक लाख बराबरको उपचार शुल्क स्वास्थ्य बीमा बोर्डले अस्पताललाई भुक्तानी गर्दै आएको छ । कतिपय अस्पतालमा सरकारले बीमाबापतको रकम समयमा उपलब्ध नगराउँदा बीमा कार्यक्रम रोकिएको अस्पतालले जनाएको छन् । सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमअन्तर्गत रहेको सो बीमाका सम्बन्धमा स्वास्थ्य बीमा बोर्डको कार्यालयले बीमा दर्ता सहयोगीहरुका लागि पुनःताजगी कार्यक्रम गरिरहेको पौडेलले जानकारी दिए । रासस

# चलचित्र 'मेयर सिंह' को छायाङ्कन पूरा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरका विषयमा निर्मित भोजपुरी चलचित्र 'मेयर सिंह' को छायाङ्कन सकिएको छ । वीरगंजको त्रिमुर्ती सिनेमा हलमा मङ्गलवार पत्रकार सम्मेलनको आयोजना गरि निर्माण पक्षले चलचित्र निर्माणको काम सम्पन्न भएको जानकारी गराएको हो । पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै चलचित्रका निर्माता शिव प्रसाद कुर्मीले वीरगंजको अवस्थालाई चलचित्रमा चित्रण गरिएको बताए । बदलिएको वीरगंज र राजनीतिसँगै प्रेम, द्वन्द्व लगायतका सबै रसलाई चलचित्रमा समावेश गरिएको कुर्मीको भनाई छ । 'मेयर सिंह' चलचित्र भारतीय फिल्मको तुलनामा कम नरहेको दाबी पनि



निर्माण पक्षले गरेको छ । वीरगंजकै स्थानीय कलाकारले स्थानीय भाषा तथा संस्कृतिको संरक्षण गर्दै वीरगंजको विकास र समृद्धिलाई चलचित्र मार्फत देखाउन समेत भोजपुरी फिल्म 'मेयर सिंह' सफल हुने पत्रकार सम्मेलनमा दाबी गरिएको थियो । पत्रकार सम्मेलनकै क्रममा चलचित्र 'मेयर सिंह' को ट्रेलर पनि प्रदर्शन गरिएको थियो । ट्रेलरमा वीरगंज महानगरपालिकाका गतिविधिलाई समावेश गरिएको देखाईएको छ । चलचित्र वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको 'वैभव वीरगंज' को योजनाको प्रसंसा गरेको छ । ट्रेलरमा मेयर राजेशमान सिंहले महानगरमा गरेका सुधारको वकालत गरेको देखिएको छ । सुनिल तिवारीले लेखेको 'मेयर सिंह' को पटकथालाई सुबास देवकोटाले निर्देशन गरेका छन् । चलचित्रमा जितु जितेन्द्र, अजय पटेल, शिव प्रसाद कुर्मी, प्रिति आर्य, श्रेया दुलाल, मुखलाल प्रसाद, रवी कुमार साह, प्रितम कलवार लगायतले अभिनय गरेका छन् ।

# अस्पतालमा रगतको अभाव बिरामी प्रभावित

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका अस्पतालहरुमा रगतको अभाव हुँदा विरामीको उपचार प्रभावित भएको छ । विशेष गरी सुत्केरी महिला र दुर्घटना परेका व्यक्तिलाई रगतको आवश्यकता पर्ने हुँदा गर्मी मौसममा वीरगंजका अस्पतालहरुमा रगतको अभाव हुँदै आएको छ । अत्याधिक गर्मीमा रक्तदान कार्यक्रमको आयोजना हुन नसक्ने तथा सोही समयमा सुत्केरी बिरामीहरुको चापले गर्दा रगतको आवश्यकता बढी हुने हुँदा रगतको चरम अभाव भएको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभ राज पाण्डेले बताए । अहिले रक्तसञ्चार केन्द्रमा सबै समूहको रगत अभाव देखिएको छ । विशेष गरी 'बी' पोजेटिभ, 'ओ' पोजेटिभ, 'एबी' पोजेटिभ, 'एबी' नेगेटिभ, 'बी' नेगेटिभ, 'ओ' नेगेटिभ, 'एबी' नेगेटिभ लगायतका समूहको रगत रक्तसञ्चार केन्द्रमा अभाव भएको छ ।

वीरगंजस्थित रक्त संचार केन्द्रबाट प्रत्येक दिन ७० देखि १०० युनिट रगत विरामीहरुले लैजाने गरेका छन् । तर, रगत संकलन भने न्यून हुने गरेको प्रमुख पाण्डे बताउँछन् । अस्पतालमा डाक्टर ताजा रगत लिएर आउन बिरामीका आफन्तहरुलाई भन्ने गरेको र रगतका विभिन्न तत्वहरु समेत माग्ने गर्दा समस्या हुने गरेको पाण्डेको भनाई छ । वीरगंजको रक्त सञ्चार केन्द्रमा रगतका लागि चितवन र काठमाडौँबाट समेत माग भइरहेको छ । रगतको अभाव हुँदा जटील र गम्भिर रोगका बिरामीको उपचारमा समस्या भएको छ । रक्त संचार केन्द्रले रगतको अभाव भएसँगै विभिन्न सामाजिक संघ संस्थालाई आह्वान गरी आगामी शनिबार वीरगंजमा रक्तदान कार्यक्रमको आयोजना गर्न लागेको पाण्डेले बताए ।

# नेकपाका केन्द्रीय सदस्य आजपा प्रवेश



**मधेशदृष्टि**
**वीरगंज ।**
ऋषी कट्टेल नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का केन्द्रीय सदस्य एवम् उदयपुर जिल्ला अध्यक्ष रामकुमार चौधरीले पार्टी परित्याग गरी प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) मा प्रवेश गरेका छन् । मंगलबार आजपा केन्द्रीय कार्यालय काठमाडौँमा एक कार्यक्रमका बीचमा केन्द्रीय सदस्य चौधरीले आजपामा प्रवेश गरेका हुन् । चौधरीलाई आजपा अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले टिका र खादा लगाएर पार्टीमा प्रवेश गराएको आईटी आर्मीका केन्द्रिय सदस्य रामशरण यादवले जनाएका छन् । आजपा प्रवेश गरेका चौधरीले प्रभु साह नेतृत्वको पार्टीको नीति, विचार तथा कार्यक्रम मुलुकको परिवर्तनका लागि आवश्यक भएकाले यो पार्टी प्रवेश गरेको बताए । आजपाले भ्रष्टाचार, अनियमितता, कुशासनको बिरुद्धमा जारी गरेको संघर्षका कार्यक्रमले आफू प्रभावित भएको बताउँदै उनले समृद्ध नेपाल निर्माणका लागि पार्टीको जारी अभियानमा लाग्ने बताए । पछिल्लो समय विभिन्न पार्टी परित्याग गरी आजपामा प्रवेश गर्ने लहर चलेको केन्द्रीय सदस्य यादवले जनाएका छन् ।

# सर्लाहीका क्रसर उद्योग मापदण्डको खिल्ली उडाउँदै

# प्रिन्स क्रसरलाई कारबाही गर्न गृहको निर्देशन



**एसपी गौरब**
**सर्लाही ।**
जिल्लाको लालबन्दी नगरपालिका १७ मा विगत १५ वर्षदेखि अवैध रुपमा सञ्चालनमा रहेको प्रिन्स क्रसर उद्योगलाई आवश्यक कारवाही गर्न नेपाल सरकार गृह मन्त्रालयले परिपत्र गरेको पाइएको छ । लालबन्दी नगरपालिका १७ स्थित साहेवगन्जको घना बस्तीको बीचमा विगत १५ वर्षदेखि कुनैपनि मापदण्ड पूरा नगरी सञ्चालन भई रहेको प्रिन्स क्रसर उद्योगलाई १५ दिन भित्र कारवाही गर्न नेपाल सरकार गृह मन्त्रालयले परिपत्र गरेको पाइएको हो ।

प्रिन्स क्रसर उद्योगको विषयमा स्थानीयले वैशाख १२ गते उपप्रधान एवम गृहमन्त्री रवि लामिछानेलाई सम्बोधन गरेर बस्तीबीचमा सञ्चालित अवैध क्रसर उद्योग बन्द गरिपाऊँ भन्दै निवेदन दिएपछि गृह मन्त्राललयले आवश्यक कारवाहीका लागि जिल्ला प्रशासन कार्यालय सर्लाहीलाई पत्राचार गरेको हो ।

पीडित पक्षले स्थानीय नागरिकको कीर्ते हस्ताक्षर गरेर जालसाजीपूर्ण रूपमा दर्ता भएर सञ्चालनमा रहेको उक्त क्रसर उद्योगबाट उत्पन्न धुलो र धुँवाका कारण त्यहाँका हजारौँ स्थानीयबासी वर्षौंदेखि प्रभावित भएको भन्दै गृहमन्त्री लामीछानेलाई पत्र बुझाएका थिए । बस्तीबीचमा यसरी क्रसर उद्योग सञ्चालन गर्दा, त्यस ठाउँमा बसोबास गर्दै आएका आम सर्वसाधारणलाई जीवनयापन गर्न कठिनाइ भएको, प्रत्येक व्यक्तिको जनस्वास्थ्यमा असर परेको उजुरीमा उल्लेख गरिएको थियो । उजुरी अनुसार उद्योगले सार्वजनिक जग्गा मिचेर स्थानीय फुटबल मैदानमा गिट्टी ढुङ्गा थुपारेको र स्थानीय खोलामा गिट्टी बालुवा थुपारी खोला पुरिएको भनिएको छ ।

यसरी अवैध रूपमा सञ्चालन हुँदै आएको उद्योगले स्थानीय नागरिकको जनस्वास्थ्यमा संकटमात्रै सिर्जना नगरेर त्यहाँका सयौँ विगाह सरकारी जग्गा समेत हस्तक्षेप गरेको उजुरीमा आरोप लगाइएको गृह मन्त्राललयले जनाएको छ । राजनीतिक शक्तिको आडमा उद्योगले गैरकानुनी रूपमा प्राकृतिक स्रोतको निर्बाध दोहन गरिरहँदा स्थानीय सरकार तथा प्रशासनसमेत मौन बसेको उजुरीमा उल्लेख छ । जन स्वास्थ्यमा असर पर्ने गरी लामो समयदेखि अवैध तरिकाबाट सञ्चालित उक्त क्रसर उद्योग तत्काल बन्द गर्ने प्रक्रियाको थालनीको माग गर्दै स्थानीय नागरिकहरुले हस्ताक्षर गरेर पटक–पटक जिल्ला प्रशासन कार्यालय सर्लाहीका साथै विभिन्न सरोकारवाला निकायहरुमा ज्ञापन पत्रसमेत बुझाइसकेका थिए ।यस्तै राजधानी जोड्ने सहायक बाटोमा टिपर जथाभाबी सञ्चालन गरी बाटो अस्तव्यस्त दुर्घटना हुने तथा बाटो भत्काउने कार्य पनि भएको उजुरीमा उल्लेख गरिएको जनाइएको छ ।

प्रिन्स क्रसर उद्योग बिना इजाजत अवैध तरिकाबाट सञ्चालनमा रहेको,सार्वजनिक सम्पत्ति हस्तक्षेप गरेको, स्थानीय खेलमैदान तथा विद्यालय नजिकै र घना बस्ती नजिकै रहेको, सार्वजनिक खोला पुरेको, सञ्चालन गर्न नमिल्ने ठाउँमा कानुन विपरीत सञ्चालन गरेको उजुरीमा उल्लेख छ ।

यस्तै,२०६५ सालदेखि अहिलेसम्म करोडौँ राजस्व छलेर सरकारलाई तिर्नुपर्ने करसमेत नतिरी सञ्चालनमा रहेको, स्थानीय सार्वजनिक वनको नजिक इजाजत दिन नमिल्ने ठाउँमा सञ्चालन गर्दै आएको उल्लेख छ । उजुरीमा क्रसर उद्योगका सञ्चालक नवराज अधिकारी, पुरुषोत्तम अधिकारी, यादव अधिकारी र पुरन अधिकारीलाई कारबाहीको मागसहित क्रसर उद्योग बन्द गरिपाऊँ भन्दै स्थानीय ७२ जनाले बैठक बसि निर्णय र हस्ताक्षर समेत उजुरीसँगै संलग्न गरेर समितिमा बुझाएका समेत पाइएको छ । पीडितले गृह मन्त्रालयसँगै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र विभिन्न संसदीय समितिमा पनि पनि उजुरी दर्ता गरेका थिए ।

### क्रसर उद्योग चलाउने मापदण्ड संशोधन सर्वोच्चद्वारा बदर

सर्वोच्च अदालतले बस्ती, वनजंगल, राजमार्ग र खोला नजिक क्रसर उद्योग चलाउन पाउने गरी सरकारले दुई वर्षअघि गरेको मापदण्ड संशोधन खारेज गरेको छ । सर्वोच्चका न्यायाधीश तिलप्रसाद श्रेष्ठ र अब्दुल अजिज मुसलमानको सोमबारको इजलासले गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को पहिलो संशोधन बदर गर्दै पुरानै मापदण्ड लागू गर्न निर्देशनात्मक आदेश जारी गरेको हो । मन्त्रिपरिषद्को २०७९ जेठ ६ को बैठकले क्रसरलाई बस्ती, शिक्षण संस्था, नदी किनार, वन र राजमार्गबाट अझ नजिक पुग्ने बाटो खोलिदिएको थियो । क्रसर उद्योग सञ्चालन गर्दा पालना गर्नुपर्ने दूरीसम्बन्धी मापदण्ड सबै भौगोलिक क्षेत्रमा एउटै रहेकामा पहाड र तराईलाई छुट्याएर अलग–अलग कायम गरिएको थियो । क्रसरले गरिरहेको दोहनलाई झनै सहज हुने गरी मापदण्ड संशोधन भएको भन्दै वातावरण कानुनविद् अधिवक्ता पदम श्रेष्ठ, राजु फुँयाल र राकेशकुमार शाहले संशोधित मापदण्ड बदरको माग गर्दै २०७९ असार ६ मा सर्वोच्चमा रिट दायर गरेका थिए ।

सर्वोच्चले वैज्ञानिक कारणविना जथाभावी रूपमा मापदण्ड संशोधन नगर्न पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहितका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ । सर्वोच्चले यसअघि २०७९ असार ८ मा संशोधित मापदण्ड लागू नगर्न अन्तरिम आदेश जारी गरेकामा हाल आएर बदर नै गरिदिएको हो ।

# लागुऔषधसहित दुई जना नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
लागुऔषधसहित पर्साबाट २ जना पक्राउ परेका छन् । वीरगंज महानगरपालिका वडा नं.१६ शंकराचार्य गेटबाट प्रहरीले २ जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा मकवानपुरको हेटौँडा उपमहानगरपालिका–३ बस्ने २९ समुन्द्र साह र सोही ठाँउका २४ वर्षका अमिर बाँनिया रहेका प्रहरीले जनाएको छ । प्रहरी चौकी ईनर्वाबाट खटिएको चेकिङ टोलीले बा.प्र.०३–०२–प ९४५० नम्बरको स्कुटरलाई रोकेर जाँच गरेको थियो । सोही क्रममा स्कुटरको सिटमुनी प्लाष्टिकको झोलाभित्र लुकाइछिपाई राखिएको अवस्थामा लागूऔषध बरामद भएको पर्सा प्रहरीले जनाएको छ ।

उनीहरुको साथबाट लागुऔषध खैरो हिरोईन जस्तो देखिने पदार्थ १५१ ग्राम र अफिम जस्तो देखिने पदार्थ १५४ ग्राम फेला परेको छ । पक्राउ परेकाहरुलाई नियन्त्रणमा लिई लागूऔषध सम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट ५ दिनको म्याद गरि आवश्यक अनुसन्धान भईरहेको पर्सा प्रहरीले जनाएको छ ।


**जनहितका लागि जारी सन्देश**
**समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।**

गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्न सकछन् । हाम्रो आफ्नै लापरवाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

**आगलागी रोकथामका उपाय**

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गनुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग गर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिंधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुऱ्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निर्क्योल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । ( यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।




**आगलागी भइहालेमा के गर्ने ?**

- कुनै आगलागीको घटना भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रण सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहयाताले निभाउन प्रयास गर्नुहोस् ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्न दिनुहोस् ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राख्नुहोस् ।

व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलब्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगलागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ।

**लोहारपट्टी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन